नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ५७ | २०७८ साल असोज ६ गते बुधबार (22 Sep. 2021 Wednesday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : हेटौंडा-ढल्केबर-इनरुवा ... ३ पृष्ठमा : 'एक शिक्षण संस्था एक ... ३ पृष्ठमा : अफगानिस्तानबाट ६ ...

## प्रेम विवाह गरेर अलपत्र परेकी युवती न्यायका लागि गुहार्दै

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका २ की २३ वर्षिया एक युवतीलाई पतिले राख्न नमानेपछि अहिले उनी अलपत्रमा परेकी छिन् ।



पीडित यूवती

बि.स. २०७४ साल असोज महिनामा राजविराजस्थित राजदेवी मन्दिरमा प्रेम विवाह गरेकी उनको पतिले घर लान र पत्नि बनाएर राख्न अस्विकार गरेपछि अलपत्रमा परेकी हुन् ।

चार वर्ष अघि उनले सोही गाउँपालिका ३ का २४ वर्षिय सानु चौधरीसँग अन्तरजातिय प्रेम विवाह गरेकी थिइन् ।

प्रेम विवाह गरेको भोली पल्टैदेखी राजविराज ७ स्थित चन्द्र नारायण देवको घरमा भाडाको कोठा लिई एक्लै उनी बस्दै आएकी छिन् । केही समय पति चौधरीसँगै बसेपनि विगत लामो समयदेखी सम्पर्कमा आउन नचाहेको र खर्च पनि दिन बन्द गरेको उनको भनाई छ ।

स्नातकसम्म पढेकी उनी अहिले टोलकै केही बालबालिकालाई ट्युसन पढाएर जसोतसो दैनिकी जिवन यापन गरिरहेकी छिन् । उनले पतिकै दबाबमा तीन पटक सम्म फ्रुक्याएर औषधी खुवाई गर्भपतन गराइसकेको समेत बताइन् ।

उनी न्यायका लागि लामो

*बाँकी अन्तिम पृष्ठमा*

## एकै दिन दुई बालिका र एक महिलासहित तीन जनाको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरीमा मंगलबार एकै दिन छुट्टाछुट्टै स्थानमा दुई बालिका र एक महिला गरि तीन जनाको मृत्यु भएको छ ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका २ लौनिया टोलकी १२ वर्षिया सबना खातुनको मंगलबार बिहान घर नजिकैको नहरमा लुगा धुने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै पोखरीमा नुहाउने क्रममा खडक नगरपालिका ८ मुसहरनियाकी ३ वर्षिया एलिजा कुमारी चौधरीको डुबेर मृत्यु भएको छ । उनी डुबेको खबर पाई पुगेको प्रहरी टोलीले उद्दार गरि अस्पतालतर्फ लैजादै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैगरि मंगलबारै महदेवा

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# विकासका लागि सर्वपक्षिय सहमति आवश्यक

कुनै पनि कार्य गर्नु पर्दा सबै भन्दा पहिला आफ्नो कार्य क्षमतामा ध्यान दिनुपर्ने हुन्छ । कार्य भनेको जुन सुकै पनि पर्न सक्छ । चाहे त्यो विकासको सन्दर्भमा होस् वा समाज सुधारको विषयमा वा शिक्षा दिने लगायतमा । यस्ता कार्य गर्नु पूर्व आफ्नो क्षमताको पहिचान गर्नु पर्ने हुन्छ । अनिमात्र सुरुवात गर्न सके पक्कै पनि त्यो सफल हुन्छ । नेपालकै पुरानो मध्ये एक नगरपालिका राजविराज अहिले कार्य क्षमता, दक्षता तथा पहलकर्ताको अभावमा पछाडी पर्दै गएको छ । विकासको ममलामा यो नगर निकै पछाडी परेको छ । यहाँको बाटोघाटो, भौतिक पूर्वाधार, अव्यवस्थित बसोवास लगायतका विषयमा चुकिरहेको छ । हुनत अहिले केही विकासीय कार्यहरु भएको देखिन्छ तर, त्यो चाही देखावटी मात्र भएको छ । सबै कार्यहरु अधुरै छ । पूरा गर्नेतर्फ नेतृत्व वर्गको गम्भिर ध्यान पुगेको देखिन्न् ।

विगतको तुलनामा थोरै भएपनि विकास भएकै हो । तर, अन्य नगरको तुलनामा उक्त विकास न्युन छ । राजविराज भन्दा कान्छा नगरपालिकाहरु अहिले विकासको मामलामा निकै अगाडी गइसकेको छ । सप्तरीकै सप्तकोशी नगरपालिका बाटोघाटो निर्माणमा धेरै अगाडी भएको छ । त्यस्तै कंचनरुप अगाडी बढ्ने क्रममा रहेको छ । त्यस्तै छिमेकी जिल्लाको लहान नगरपालिका राजविराजको तुलनामा धेरै अगाडी छ । गोलबजार पनि विकासको सन्दर्भमा अगाडी बढिरहेको छ । सुनसरीको इनरुवा नगरपालिका पनि बाटोघाटोको मामलामा निकै अगाडी छ । इटहरीमा त विकासको ओइरो लागेको छ । यसरी यी नगरपालिकाहरु राजविराज भन्दा निकै कान्छा हो । विकासमा अगाडी बढ्ने श्रय त्यहाका जनता र जनप्रतिनिधीमा जान्छ । कीन भने त्यहाका जनता विकासका लागि कुनै सम्झौता गर्दैनन् भने जनप्रतिनिधहरु पनि आफ्नो पहुँचका कारण विकास गर्न सफल भएका छन् ।

यसरी हेर्दा राजविराजवासी पनि विकासप्रेमी छन् । उनीहरु पनि आफ्नो जन्मथालोको विकासका लागि उत्प्रेरित छन् । तर, यहाँका जनप्रतिनिधिहरुको उदासिनताका कारण विकासले फड्को मार्न सकिरहेको छैन् । विकास भनेको चौतर्फी प्रयासले हुने विषय हो । एकतर्फी निर्णयले हुँदैन् । यसका लागि सुक्ष्म तरिकाले जानुपर्छ एकलौटी निर्णय गरेर विकास कहिले हुँदैन् । यसका लागि सम्पूर्ण जनताको मतलाई एक गर्नुपर्ने हुन्छ । अनिमात्र विकासमा कुनै वाधा अवरोध आउँदैन् । तर, यहाँ जनप्रतिनिधीहरुले गोप्य रुपमा गर्ने निर्णयले गर्दा कार्यान्वयनमा बाधा अवरोध आउने गर्छ । तसर्थ विकासका लागि सबै एकजुट हुनु आवश्यक छ भने जनप्रतिनिधिहरुले पनि कार्य गर्दा पारदर्शिता गर्नु उत्तिकै आवश्यक छ । अनिमात्र विकासले गति लिँदै फड्को मार्ने निश्चित हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माण : सर्वत्र समस्या

काठमाडौं, ५ असोज (रासस) ।

नेपालमा प्रसारण लाइन निर्माण गर्नु जत्तिको झण्झटिलको काम अरु हुन छाडेको छ । एकातिर सरकारी निकायबीचकै समन्वयको अभाव छ भने अर्कोतर्फ निर्माण व्यवसायीको काम गर्ने संस्कारमा हुन नसकेको परिवर्तन पनि अर्को पाटो रहेको छ ।

मुलुकभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणमा जतातत‍ै अवरोधै अवरोध देखिनुले पनि सोही कुराको पुष्टि गर्दछ ।

झण्डै आठ वर्ष पहिलेदेखि निर्माण सुरु भएको आयोजनामा भइरहेको अवरोधका कारण हालसम्मसम्पन्न हुन सकिरहेको छैन । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ थानाभञ्याङ सवस्टेसनबाट सुरु भई सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४मा जोडिने प्रसारण लाइन १० वटा जिल्ला पार भएर जान्छ । जति जिल्ला आयोजनाले छुन्छ, उत्तिनै धेरै समस्याका जञ्जालले छापेको छ ।

प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयवासीको अवरोध, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटानको स्वीकृतिको प्रक्रियागत अल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायतका कारणले गर्दा प्रसारण लाइन निर्माण ढिला भएको हो । स्थानीय अवरोध खुलाई निर्माणका लागि प्राधिकरणले गरिरहेको प्रयास पनि सार्थक रूपमा सफल हुन सकिरहेको छैन ।

रणनीतिक महत्वको प्रसारण लाइनको निर्माण सम्पन्न हुन नसक्दा ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको विद्युत् धनुषामा रहेको ढल्केबर सवस्टेसनबाट क्षमता अभावमा पश्चिमतर्फ पठाउन सकिएको छैन । अहिले ढल्केबरबाट पश्चिमतर्फ १३२ केभी प्रसारण लाइन मात्रै छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने कूल २८८ किलोमिटर प्रसारण लाइनका लागि ७९२ वटा टावर निर्माण गर्नुपर्छ । यसमध्ये ६५९ टावरको जग हालिएको छ भने ६३३ खडा गरिएको छ । रुख कटानको स्वीकृतिमा भएको ढिलाइ र स्थानीयवासीको अवरोधका कारण बाँकी टावरको निर्माण हुनसकेको छैन । सबै टावर खडा गरिसकेपछि ठेकेदार कम्पनीले तार तान्न सुरु गर्ने छ ।

ञहेटौँडा उपमहानगरपालिका वडा १५, १६ र १७ स्थिति हटिया क्षेत्रका बासिन्दाको अवरोधका कारण निजी जग्गामा पर्ने १४ वटा टावरको निर्माण सुरु हुनसकेको छैन । प्राधिकरणले अवरोध हटाउन वाग्मती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, प्रभावितसँग पटकपटक छलफल गरे पनि समस्या समाधान हुन सकेको छैन ।

स्थानीयवासीले प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै सामुदायिक वनमा पर्ने टावरसमेत निर्माण गर्न दिएका छैनन् भने निर्माण गरिएका दुई वटा टावर सार्न माग गरिरहेका छन् । उनीहरूले प्रसारण लाइन मानवबस्तीबाट नलगी जङ्गलबाट लैजानुपर्ने माग गरेका छन् । आयोजनाले भने सबै प्रक्रिया पूरा गरी डिजाइन गरिएकाले अहिले आएर रुट परिवर्तन गर्न नसकिने प्रष्ट पार्दै आएको छ ।

प्रसारण लाइन निर्माणमा निरन्तर अवरोध भएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठ, आयोजना प्रमुख श्याम यादवको टोलीले केही दिनअघि अवरोधस्थलको अवलोकन गरी प्रभावितसँग छलफल गर्दै राष्ट्रिय महत्वको प्रसारण लाइन निर्माणमा सहयोग गरिदिन आग्रह गरेको छ ।

"माथिल्लो तामाकोसीको बिजुली ढल्केबरबाट पश्चिमतर्फ ल्याउन नसक्दायता नपुग्ने उता खेर फाल्नुपर्ने बाध्यात्मक अवस्था छ यस्तो अवस्थाको अन्त्य गर्न यो लाइन जतिसक्दो छिट्टो निर्माण गर्नुपर्ने छ, मुआब्जा तथा क्षतिपूर्तिका विषयमा छलफल गरौं विवाद चर्काउनेभन्दा पनि टुङ्ग्याउनतर्फ लागौं", घिसिङले भन्नुभयो ।

लाइन निर्माण भइरहेको अवरोध हटाउन आयोजनामा सहुलितपूर्ण ऋण प्रवाह गरेको विश्व बैंकले सहजकर्ता नियुक्त गरेको जानकारी दिँदै घिसिङले त्यसमार्फत विवाद समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

हेटौँडा उपमहानगरपालिका-१६ का वडाध्यक्ष रामकृष्ण कोइरालाले मानवबस्ती छलेर प्रसारण लाइन लैजाने अवस्था हुँदाहुँदै यसतर्फ आयोजना व्यवस्थापनले ध्यान नदिएको बताउनुभयो । "विकास विरोधी हैनौं, अहिलको मार्ग व्यवहारिक छैन, मुआब्जा तथा क्षतिपूर्ति दिनुनपर्ने गरी वन क्षेत्रबाट लाइन लैजानुपर्छ" कोइरालाले भन्नुभयो, "समस्या समाधानका लागि आवश्यक सहयोग गर्न हामी तयार छौं ।"

स्थानीयवासीले सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर र सिराहाको लाहान पडरिया क्षेत्रमा पनि प्रसारण लाइन निर्माणमा अवरोध गरेका छन् । हेटौंडा-ढल्केबर-इनरुवा ४४० केभी प्रसारण लाइन विद्यमान १३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३/२३ मिटर हुने छ ।

आयोजनाले ५१८ हेक्टर वन क्षेत्रमा रहेका रुख काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिन अधिग्रहण गर्नुपर्ने छ । मार्गाधिकारमा ४७५ हेक्टर निजी जग्गा र १७१ वटा घर तथा अन्य संरचनाहरू प्रभावित हुनेछन् ।

नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना अन्तर्गत प्रसारण लाइनको निर्माण हुन भइरहेको हो । यसबाट मुलुकभित्रको प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापार सहज हुने अपेक्षा गरिएको छ ।

# चाडपर्वको मुखमा पनि पाएनन् उखु किसानले अनुदान

सर्लाही, ५ असोज (रासस) ।

सर्लाहीका उखु उत्पादक किसानले गत वर्ष बिक्री गरेको उखुको अनुदान रकम अझै पाउन सकेका छैनन् । सरकारले गत वर्ष उखुको मूल्य निर्धारण गर्दा उखु उत्पादक किसानलाई प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा अनुदान दिने घोषणा गरेको थियो ।

उद्योगीबाट समयमै भुक्तानी नपाएर हैरान भएका जिल्लाका उखु उत्पादक किसानलाई सरकारले समेत अनुदान रकम भुक्तानीमा आलटाल गरिरहेको नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो । उहाँका अनुसार भुक्तानीको झन्झटले उखु उत्पादक किसान उखुखेतीबाट निरुत्साहित हुँदै अन्य खेतीतर्फ लागेका छन् ।

यता कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त प्रमुख दामोदर पौडेलले अनुदान रकम वितरणका लागि दुई साताअघि कार्यालयलाई रु २० करोड सात लाख बजेट प्राप्त भइसकेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिले रोक्का भएको बजेट खुल्नेबित्तिकै दशैंअघि नै उखु उत्पादक किसानलाई अनुदान वितरण गरिने छ ।"

अनुदान वितरणका लागि इन्दुशङ्कर चिनी उद्योग हरिवनबाट उखु किसानको विवरण लिइसकेको र महालक्ष्मी चिनी उद्योग बगदहले एक/दुई दिनमै विवरण उपलब्ध गराउने बताएको कोलेनिकाका निमित्त प्रमुख पौडेलले बताउनुभयो ।

चाडपर्वको समयमा अनुदान रकम उपलब्ध गराइदिन उखु किसानले सरकारसँग माग गरेका छन् भने उखुको भुक्तानी लिन किसानले हरेक वर्ष आन्दोलन गर्दै आइरहेका छन् । जिल्लामा तीनवटा चिनी मिल रहेको भए पनि इन्दुशङ्कर चिनी उद्योग हरिवनले समयमै भुक्तनी दिए पनि महालक्ष्मी चिनी उद्योग बगदह र अन्नपूर्ण चिनी उद्योग धनकौलले भने भुक्तानीमा ढिलाइ गरेको उखु किसानले गुनासो गरेका छन् । गत वर्षदेखि नै बन्द रहेको अन्नपूर्ण चिनी उद्योगले उखु किसानको पुरानो भुक्तानीसमेत दिन सकेको छैन ।

# श्रीमान्को हत्या आरोपमा श्रीमती पक्राउ

लहान, ५ असोज (रासस) ।

श्रीमान्को हत्यामा संलग्न रहेको आरोपमा सिरहा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

सिरहाको गोलबजार नगरपालिका ४ निपनिया कुटीटोल निवासी ३९ वर्षीय दुखरन महराको हत्या आरोपमा उहाँकी ३८ वर्षीया श्रीमती हरिहरदेवी महरालाई सोमबार पक्राउ गरेको हो । दुखरनको गत भदौ १८ गते भारतको बिहार जयनगरस्थित बरही गाउँमा घाँटी रेटी हत्या गरेको अवस्थामा शव फेला परेको थियो ।

भारतीय प्रहरीले दुखरनको शव फेला परेपछि नेपाल प्रहरीसँग समन्वय गरी अनुसन्धान अघि बढाएको र अनुसन्धानका क्रममा उहाँकी श्रीमती हरिहरदेवीको संलग्नता पाइएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिनुभयो । घटनामा संलग्न भारतीय २६ वर्षीय मुकेश यादवलाई भारतीय प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताउनुभयो ।

श्रीमान् दुखरनले गर्ने घरेलु हिंसा र अवैध प्रेम सम्बन्धका कारण श्रीमती हरिहरदेवीकै योजनामा दुखरनको हत्या भएको प्रहरीको अनुसन्धानबाट खुलेको प्रहरी नायब उपरीक्षक बुढाथोकीको भनाइ छ । महरा दम्पतीको चार छोराछोरी छन् । वैदेशिक रोजगारीबाट फर्किएका महराले आफ्नै घरमा फर्निचर तथा किराना पसल सञ्चालन गरेका थिए ।

श्रीमान्ले मदिराच सेवन गरी आफूलाई विदेशमा हुँदा कमाएको पैसा कहाँ खर्च गरिस् भन्दै कुटपिट गर्ने गरेकाले आफ्ना प्रेमी भारतीय नागरिक मुकेशसँग मिलेर हरिहरदेवीले श्रीमान् दुखरनको हत्याको योजना बनाएको अनुसन्धानबाट खुलेको प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताउनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको उहाँको भनाइ छ ।

# ‘एक शिक्षण संस्था एक उद्यम कार्यक्रम’ सञ्चालन हुने

काठमाडौं, ५ असोज (रासस)।

अब विद्यार्थी विद्यालयमा नै उद्यमशील बन्ने भएका छन्। पढाइको बाबजुद उनीहरूलाई उद्यमशीलतातर्फ आकर्षित गर्न राष्ट्रिय युवा परिषद्ले विद्यालयमा ‘एक शिक्षण संस्था एक उद्यम कार्यक्रम’ सञ्चालन गर्न थालेको छ।

पढाइपछि बचेको समयमा विद्यालयमा नै माछापालन, बाखापालन, पुष्प, तरकारी खेतीसहित उद्यमशील बनाउनका लागि उक्त कार्यक्रम सञ्चालन गर्न थालिएको परिषद्का उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो। परिषद्ले यसै आर्थिक वर्षदेखि शिक्षण संस्थालाई उद्यम गर्ने सिकाइस्थलको रूपमा विकास गर्न र शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलताको विकास गरी शिक्षण रुपान्तरण गर्न कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

परिषद्का उपाध्यक्ष ढुङ्गेलले विद्यार्थीलाई विद्यालयबाट नै उद्यमशील बनाउन ‘एक एक शिक्षण संस्था एक उद्यम’ कार्यक्रम सञ्चालन गर्न थालिएको जानकारी दिनुभयो। उहाँले उक्त कार्यक्रमले आफू पढेलेखेको ठाउँबाट नै विद्यार्थी व्यवसायमा लाग्न सहयोग पुग्ने बताउनुभयो। “विद्यालय तहबाट नै विद्यार्थीलाई उद्यमतर्फ आकर्षित गर्न यो कार्यक्रम सञ्चालन गरेको हौं,” उहाँले भन्नुभयो, “विद्यालयबाट बाहिर निस्केपछि पनि उनीहरू बेरोजगार बन्नुपर्दैन।”

उहाँका अनुसार अभिभावक पनि महिनामा एक दिन विद्यालयमा आए आफ्ना विद्यार्थीले गरेको उद्यममा सहभागी हुनेछन्। “आफ्ना विद्यार्थीले विद्यालयमा नै उद्यम देखेर अभिभावक पनि आफ्नो खाली रहेको खेतबारीमा केही न केही खेती गर्न सक्नेछन्”, उहाँले भन्नुभयो, “यसले सिङ्गो समाजलाई उद्यमशील बनाउन सहयोग मिल्ने छ।”

सञ्चालनका लागि परिषद्ले देशभरिका विद्यालयसँग प्रस्ताव माग गरेको छ। परिषद्ले कार्यक्रम सञ्चालन गर्न इच्छुक प्राविधिक तथा व्यावसायिक धार/शिक्षा सञ्चालित वा नमूना विकासका लागि छनोट भएका सामुदायिक माध्यमिक विद्यालयले यही असोज २१ गतेभित्र व्यावसायिक परियोजना प्रस्ताव पेश गर्न आग्रह गरेको छ। विद्यालयले पेश गरेको प्रस्तावलाई परिषद्को छनोट समितिले छनोट गर्नेछ। कार्यान्वयन कार्यढाँचामा निर्धारित मूल्याङ्कनका आधार बमोजिम प्रत्येक प्रदेशबाट एक एक र सङ्घबाट एक गरी आठ वटा विद्यालय छनोट गरिने परिषद्का उपसचिव कमला ज्ञवालीले जानकारी दिनुभयो।

उहाँका अनुसार छनोट भएको विद्यालयले बीउ पुँजीको रूपमा परिषद्ले नै शुरुमा सात लाख रूपिया अनुदान दिने छ। परिषद्ले उपलब्ध गराएको र क्लबले विभिन्न स्रोतबाट प्राप्त गरेको रकमबाट नै विद्यालयमा उद्यम कार्यक्रम सञ्चालन गरिने छ।

सरकारले नमूना विकासका लागि छनोट गरिएका ४२२, प्राविधिक शिक्षा सञ्चालन गर्ने ४८४ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट १८ महिनाको कक्षा सञ्चालन गरिरहेको विद्यालयले उक्त कार्यक्रममा सहभागी हुन पाउनेछन्।

प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएका नमूना सामुदायिक माध्यमिक विद्यालयलाई विशेष प्राथमिकता दिइने छ। विद्यालयले कृषि तथा पशुपक्षी (माछापालन, बाखापालन, कुखरापालन) वन, पर्यटन प्रवर्द्धन, निर्माणमा आधारित उद्यम, कलामा आधारित उद्यमलगायत आठ प्रकारका उद्यममा कार्यक्रम सञ्चालन गर्न सक्ने छन्।

विद्यालयमा उद्यम कार्यक्रम सञ्चालनका लागि विद्यालयमा ९ देखि १२ कक्षा अध्ययनरत विद्यार्थी र कक्षामा प्रथम हुने विद्यार्थी सम्मीलित १७ सदस्यीय विद्यार्थी उद्यमी क्लब गठन गरिने छ। उक्त क्लबमा रहेका विद्यार्थीले नै उद्यम कार्यक्रम सञ्चालन गर्ने छन्।

उद्यम सञ्चालनका लागि विद्यालयमा उद्यम कोष स्थापना गरिने छ। विद्यालयका प्रधानाध्यापक अध्यक्ष, उद्यमी क्लबका अध्यक्ष सदस्य र विद्यालयको लेखा हेर्ने कर्मचारी सदस्य सचिव रहनेछन्। कोषमा अभिभावकबाट उद्यम गर्न वार्षिक रूपमा सङ्कलिन रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान, उद्यमबाट प्राप्त आम्दानी, पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रूपमा प्राप्त रकम, स्थानीय तह र अन्य व्यक्ति, सङ्घसंस्थाको अनुदानबाट प्राप्त रकमले एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गरिने उपाध्यक्ष ढुङ्गेलले जानकारी दिनुभयो।

परिषद्का प्रमुख प्रशासकिय अधिकृत डा बाबुराम ढुङ्गानाले विद्यार्थी आफैले उद्यमबाट कमाएको पैसाले विद्यालयमा पढ्ने बताउनुभयो।

## हात्तीको आक्रमणबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ५ असोज।**

सुनसरीको बराहक्षेत्र नगरपालिका ११ स्थित मधुवनमा सोमबार कोशीटप्पु वन्यजन्तु आरक्षबाट निस्केको जङ्गली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ६५ वर्षीया ममनीदेवी खत्वे रहेको प्रहरीले जनाएको छ।

घरनजिकै रहेको पोखरीको डिलमा गाईवस्तुका लागि घाँस काट्न गएका बेलामा हात्तीले आक्रमण गर्दा खत्वे गम्भीर घाइते भएका थिए।

हात्तिको आक्रमणबाट गम्भीर घाइते खत्वेको उपचारका लागि अस्पताल लैजाने क्रममा बाटैमा मृत्यु भएको हो।

यसैबीच स्थानीयवासीले पटक-पटक जङ्गली जनावरको आतङ्कका कारणले आफूहरूलाई समस्या भएको भन्दै यसलाई नियन्त्रण गर्नुपर्ने माग गर्दै बराहक्षेत्रमा विरोध प्रदर्शन सुरु गरेका छन्।

जङ्गली जनावरको नियन्त्रण गर्नुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्नेलगायत माग गर्दै स्थानीयवासीले विरोध प्रदर्शन गरेका हुन्।




## विश्व समाचार

### अफगानिस्तानबाट ६ लाखभन्दा बढी विस्थापित

संयुक्त राष्ट्रसङ्घ, ५ असोज (रासस/सिन्ह्वा)।

यस वर्षमात्र अफगानिस्तानबाट छ लाखभन्दा बढी व्यक्ति विस्थापित भएका संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायले जनाएको छ।

उक्त निकायका अनुसार यसवर्ष अफगानिस्तानमा हिंसाका कारण छ लाख ३५ हजार जनाभन्दा बढी व्यक्ति विस्थापित भएका छन्।

उक्त निकायले तीमध्ये गएको महिना दिनमा मात्र कम्तीमा १२ हजार जना व्यक्ति विस्थापित भएर राजधानी काबुल आएका बताएको छ। यसरी काबुल आएकामध्ये अधिकांश अफगानिस्तानको पञ्जसिरबाट आएका हुन्।

ती व्यक्ति पछिल्लो समयमा अफगानिस्तानमा तालिबानले शुरु गरेको सत्ता कब्जा र त्यसपछि यहाँका तालिबान र सेनाबीचको भिडन्तका कारण विस्थापित हुन पुगेका बताएको छ।

उता शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्च आयोगले पनि हालैमात्र अफगानिस्तानको अवस्थाको बारेमा विश्व समुदायको ध्यानाकर्षण गराएको थियो।

उक्त संस्थाले यहाँको अवस्था दिन प्रतिदिन खराब हुँदै गएको भन्दै सो निकायले अफगानिस्तानका नागरिकका लागि पनि यहाँका तालिबानसँग सम्पर्कमा रहेर नागरिकको अवस्थाको बारेमा जानकारी लिन र अत्यावश्यक परेको सहयोग लिनका लागि पनि आग्रह गरेको थियो।

अहिले अफगानिस्तानमा धेरै कुराको खाँचो रहेको र यहाँका नागरिकलाई खाना, औषधि, बास तथा अन्य सबै चिज चाहिएको पनि सो संस्थाले हालै एक विज्ञप्ति प्रकाशन गरेर जानकारी गराएको थियो।

### अफगानिस्तानका छात्रालाई “चाँडै” विद्यालय फर्काउने तालिबानको दाबी

काबुल, ५ असोज (रासस/एएफपी)।

अफगानिस्तानका छात्रालाई जतिसक्दो चाँडो विद्यालय फर्किने वातावरण बनाउने तालिबानले जनाएको छ।

तालिबानले छात्रालाई विद्यालय नबोलाइएको भन्दै छात्राले गुनासो गरेपछि तालिबानले उनीहरुलाई चाँडै विद्यालय बोलाउने स्पष्ट पारेको हो।

शिक्षा मन्त्रालयले छात्र, पुरुष शिक्षकलाई मात्रै विद्यालय आउन सूचना जारी गरेपछि शिक्षिका र छात्राले चिन्ता व्यक्त गरेका थिए।

मन्त्रालयले आइतबारदेखि लागू हुनेगरी कक्षा सात देखि १२ सम्मका छात्र र पुरुष शिक्षकलाई मात्रै विद्यालय जान सूचना जारी गरेको थियो।

सूचनामा हजारौँ छात्राको पढाइ तथा भविश्यका बारेमा केही उल्लेख नगरिएको भन्दै शिक्षिका तथा छात्राले आफूलाई पनि विद्यालय जान पाउने व्यवस्था गर्न माग गरेका थिए।

विद्यालय जान नपाउँदा आफूको आम्दानी गुमेकाले आफू परिवारमा निर्भर हुनुपर्दा पीडा महसुस भइरहेसमेतको शिक्षिकाले बताएका छन्।

उनीहरुले विद्यालयमा गएर अध्यापन गराउन नपाउँदा आर्थिक सङ्कटसँगै मनोवैज्ञानिक समस्या उत्पन्न भएको गुनासो गरेका छन्।

शिक्षिका तथा छात्रालाई विद्यालय नबोलाइएको बारेमा विश्व समूदायसमेतले चासो राखेपछि तालिबानले उनीहरुलाई चाँडै बोलाउने प्रतिवद्धता जनाउन बाध्य भएको हो।

संयुक्त राष्ट्रसङ्घीय निकाय युनिसेफ र युनेस्कोले पछिल्लो दुई दशकमा अफगानिस्तानको शिक्षा क्षेत्रमा धेरै उपलब्धी भएको जनाएका छन्। सन् २००१ देखि यता महिला साक्षरता दरमा पनि ठूलो वृद्धि भएको युनेस्कोको प्रतिवेदनमा उल्लेख गरिएको छ। सुरुमा महिला साक्षरता दर १७ प्रतिशत रहेकोमा अहिले ३० प्रतिशत पुगेको युनेस्कोले जनाएको छ।

त्यसैगरी विद्यालय जाने छात्राको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको युनेस्कोका अधिकारीले बताएका छन्। सन् २००१ मा उच्च शिक्षामा सहभागी छात्राको सङ्ख्या पाँच हजार रहेकोमा सन् २०१८ मा ९० हजार पुगेको थियो।

### अफगानिस्तानमा बेरोजगारी वृद्धि

काबुल, ५ असोज (रासस/एएनआई)।

अफगानिस्तानमा बेरोजगारको सङ्ख्यामा अत्यधिक वृद्धि भएको पाइएको छ।

तालिबान विद्रोहीले सत्ता कब्जा गरेर शासन सञ्चालन गर्न थालेपछि बेरोजगारको सङ्ख्यामा वृद्धि भएको हो।

त्यसैगरी रोजगारी भएकाले पनि लामो समयदेखि मासिक तलव तथा अन्य सेवा सुविधा नपाएको गुनासो गरेका छन्।

अफ्गान सेनामा कार्यरत अक्रामुद्धीनले पछिल्लो सात महिनादेखि आफुले नियमित तलव नपाएको बताउनुभयो।

तालिवान विद्रोहीले सत्ता कब्जा गर्नु अगाडीदेखि नै देशको ढुकुटीमा आर्थिक सङ्कट परेकाले सेनाका कर्मचारीसमेतलाई तलव पनि खुवाउन नसक्ने अवस्था आएको जनाइएको छ।

तलव नपाउँदा दैनिकी चलाउन नै समस्या पर्न थालेको अक्रामुद्धिनले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “तलव पाइएको छैन, म भाडाको घरमा बस्छु, पाँच हजार भाडा तिर्नुपर्छ, दुई हजार बिजुलीको तिर्नुपर्छ, तर आम्दानी रु १० पनि छैन।”

शिक्षण पेशामा आवद्ध मोहम्मद नासिरले नौ जना सदस्य रहेको आफ्नो परिवार चलाउन धेरै गाह्रो भइसकेको गुनासो गर्नुभयो।

आम्दानी नभएकाले उपभोग्य सामग्री किन्न नसकिरहेका बेला सामानको मुख्य पनि वृद्धि भएको उपभोक्ताले बताएका छन्। उनीहरले महङ्गी, बेरोजगारी, आर्थिक सङ्कट तथा अभावका बारेमा चासो राख्दै आएका छन्।

“मानिसलाई अनेक प्रकारका समस्या आइपरेका छन्, समस्या न्युनिकरणका लागि हामीले सरकारलाई आग्रह गर्न चाहन्छौँ,” एक अफगान नागरिकले भन्नुभयो। अफगानिस्तानमा सरकार मातहतको निजामती सेवामा झण्डै ४३ हजार कर्मचारी कार्यरत रहेको तथ्याङ्क रहेको छ।

# मोटरसाईकल र पिकअप ठोकिँदा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरीको खडक नगरपालिकास्थित सडक खण्डमा मोटरसाईकल र पिकअप भ्यान एक आपसमा ठोकिदा एक जनाको ज्यान गएको छ ।

पुर्वपश्चिम लोकमार्ग अन्तर्गत सो सडक खण्डमा सोमवार दिउँसो पुर्वबाट पश्चिम तर्फ जादै गरेको बा.१४च.६२७९ नम्बरको पिकअप र विपरित दिशा तर्फबाट आउदै गरेको ना.३७प.३८९४ नम्बरको मोटरसाईकल एक आपसमा ठोकिएको प्रहरीले जनाएको छ ।

उक्त दुर्घटनामा मोटरसाईकल चालक पर्सा जिल्लाको जीरा भवानी गाउँपालिका ३ का ३७ वर्षिय शिवशक्ती चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

गम्भीर घाईते भएको उनको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा सोमवार राती उपचारको क्रममा मृत्यु भएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

यता ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

# लागुऔषध गाँजासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ५ असोज ।**

सिरहा प्रहरीले प्रतिबन्धित लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको टोलीले सिरहा नगरपालिका ६ बसविट्टा चोकबाट प्रतिबन्धित लागुऔषध गाँजा पाँच किलो २२३ ग्राम र दुई पिस नाइट्रोभेट ट्याबलेटसहित धनुषाको सबैला नगरपालिका १३ तिरतपुर निवासी २६ वर्षीय शुभकुमार महतोलाई पक्राउ गरेको हो ।

भारतीय सीमातर्फ गइरहेको ज.११प. १७४३ नंको मोटरसाइकललाई रोकेर जाँच गर्ने क्रममा लागुऔषध बरामद भएपछि मोटरसाइकल चालक महतोलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# निर्णयको सक्कल फाइल माग

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ असोज ।**

सर्वोच्च अदालतले निर्वाचन आयोगसँग नेकपा एकीकृत समाजवादी दल दर्ताको निर्णयको सक्कल फाइल माग गरेको छ ।

न्यायाधीश दीपककुमार कार्की र डा. कुमार चुडालको इजलासले नेकपा एकीकृत समाजवादी दल दर्ता गर्ने निर्वाचन आयोगको निर्णयको सक्कल निर्णय माग गर्ने मंगलबार आदेश दिएको हो ।

यस्तै नेकपा एमालेले गरेको १४ सांसद कारबाहीको निर्णयलाई मान्यता नदिने सभामुखको निर्णयको सक्कल फाइल पनि माग गर्ने आदेश दिएको छ ।

एमाले अध्यक्ष ओलीले उक्त पार्टी खारेजीको माग गर्दै दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश दीपककुमार कार्की र कुमार चुडालको संयुक्त इजलासले आयोगले दल दर्ता गर्दाका भदौ ९ गते भएको निर्णयसम्बन्धी सक्कल फाइल झिकाउन आदेश दिएको हो ।

# एक हजार ३ सय ३० संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ असोज ।**

पछिल्लो २४ घण्टामा देशभर एक हजार ३ सय ३० जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार विगत २४ घण्टामा पीसीआर परीक्षणबाट १ हजार ३६ जना र एन्टिजेन परीक्षणबाट २ सय ९४ जनामा संक्रमण पाइएको हो ।

मन्त्रालयका अनुसार विगत २४ घण्टामा देशभर ९ हजार ६ सय २६ पीसीआर र ३ हजार ९ सय ९६ एन्टिजेन परिक्षण गरिएको थियो । यसैगरी विगत २४ घण्टामा १ हजार ८ सय ३० जना संक्रमित निको भएका छन् ।

त्यस्तै संक्रमणबाट विगत २४ घण्टामा ५ जनाको निधन भएको छ । हाल देशभर रहेका २१ हजार ५ सय २४ जना सक्रिय संक्रमितमध्ये २० हजार १ सय ६४ जना होम आइसोलेसनमा र १ हजार ३ सय ६० जना संस्थागत आइसोलेसनमा छन् ।

# नागरिक सक्रियता परियोजनाको अनुगमन



**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरीको राजगढ गाउँपालिकामा सञ्चालित नागरिक सक्रियता परियोजनाका विभिन्न क्रियाकलापहरुको मंगलबार संयुक्त अनुगमन टोलिले निरीक्षण गरेको छ।

युरोपियन यूनियनको आर्थिक सहयोग, वेल्टहङ्गरहिल्फेको प्राविधिक सहयोग तथा आसमान नेपालको अगुवाईमा राजगढ गाउँपालिका एवं दलित सरोकार मञ्च नेपाल सप्तरीको सहकार्यमा राजगढ गाउँपालिकामा नागरिक सक्रियता चार बर्षे परियोजनामा अहिले २ बर्ष ९ महिना लगातार सञ्चालनमा रहेको छ ।

सो टोलीमा गाउँपालिका अध्यक्ष परमानन्द यादवको नेतृत्वमा रहेको संयुक्त अनुगमन टोलीद्वारा राजगढ गाउँपालिका ५ का २५ दिने लाहा चुरा तालिम, वडा नम्बर ४ स्थित बेमौसमी तरकारी खेती पुर्व तयारीको खेतीयोग्य जग्गा अबलोकन, वडा नम्बर ४ र ३ मा संचालित सम्बाद केन्द्र कक्षा अवलोकन, मञ्चसँग आबद्ध नागरिक संघ संस्थाको स्थलगत निरीक्षण गरेका थिए ।

अनुगमन टोलीले परियोजनाबाट भएका परिवर्तनलाई संस्थागत गर्ने भन्दैं दलित सरोकार मञ्चलाई धन्यवाद दिदैं सुझाबसमेत दिएको दलित सरोकार मंच सप्तरीका जिल्ला संयोजक राजकुमार पासवानले जानकारी दिएका छन् ।

नागरिक सक्रियता परियोजनाको विभिन्न चार उद्देश्यमा रही गतिविधिहरु सञ्चालनमा रहेको छ। परियोजनाको स्थानीय तह र छनौट भएका सार्वजनिक सेवा प्रदायकहरुले सहभागितात्मक र समावेशी विकास प्रक्रिया अवलम्बन गरि जवाफदेहि तवरले नागरिक मैत्री सेवा प्रदान गर्ने, नागरिक समाज, संघ, संस्था, युवा क्लबजस्ता स्थानीय नागरिक संस्थाहरु स्थानीय स्तरको विकास योजना निर्माण तथा निर्णय प्रक्रियामा सक्रियताका साथ सहभागी भएका हुनेछ, युवाहरुले नेतृत्व गरेको स्थानीय नागरिक समाजका संस्थाहरु सशक्त भई सामाजिक र आर्थिक विकासबाट लाभान्वित हुनेछ र सामाजिक समावेशीकरण र अधिकारमा आधारित विकास प्रक्रियाको अवलम्बनबाट स्थानीय सुशासनको अभ्यास र अभिवृद्धि हुने परियोजनाको मुल उद्देश्य रहेको जनाइएको छ ।

अनुगमन टोलिमा गाउँपालिका उपाध्यक्ष पुष्पमाला कुमारी मण्डल, प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव, वडा नम्बर १ का अध्यक्ष नारायण यादव, ४ का हेम नारायण साह, कार्यपालिका सदस्य निभा राम, स्वास्थ्य शाखा संयोजक रामचन्द्र यादव, दलित सरोकार मंच नेपालका अध्यक्ष मुक्तिलाल मरिक लगायत उक्त टोलीमा संचारकर्मीहरु समेत रहेका थिए ।

### *एकै दिन दुई ...*

गाउँपालिका ४ परसाही टोलकी ३० वर्षिया लक्षण कुमारी सदाको घर नजिकैको पोखरीमा भाडा माझ्दै गरेको बेला अचानक डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *प्रेम विवाह ...*

समयदेखी प्रहरी र अदालतमा धाईरहेकी छिन् । न्यायमा ढिलाई भएपछि मंगलबार संचारकर्मी र अधिकारकर्मी समक्ष न्यायका लागि पहल गरिदिन आग्रह गरेकी छिन् ।

चौधरी र उनका आफन्तले १० लाख रुँपैया लिएर अर्को केटासँग विहे गर्न धम्क्याइरहेको बताउँदै प्रलोभन देखाउने गरेको भन्दे आफूले नमानेको पीडित युवतीको भनाई छ ।

उनका अनुसार घटना सार्वजनिक भएपछि २०७७ फागुन २१ गते प्रहरीले चौधरीलाई पक्राउ गरि एक दिन थुनामा पनि राखेको थियो । हिरासतमा रहेका चौधरीले एक साताभित्र आफूसँग विहे गर्छु भनि कागजात गरेपछि थुनामुक्त भएको उनले बताइन् । तर, चौधरीले अझै विहे गर्न नमानेको उनले बताईन् ।

यसैबीच प्रहरीले जबरजस्तीकरणी मुद्दा दर्ता गरि कारवाही प्रक्रिया सुरु गरेपछि मुद्दा अदालतमा पुग्यो । अदालतमा चौधरीका आफन्तले सानुसँगै विहे गराईदिन्छु भन्दै जाहेरी फिर्ता लिन दवाब दिएपछि एउटा कागजमा हस्ताक्षर गराएको उनको भनाई छ ।

२०७८ वैशाख ३ गते सप्तरी जिल्ला अदालतको आदेशले सानु २ लाख धरौटी बुझाएर रिहा भए । त्यस पश्चात् पनि सोनु र उनका आफन्तले उनलाई स्वीकार गर्न तयार भएनन् ।

यता सानुले ती युवतीसँग सामान्य चिनजान मात्र भएको र त्यस्तो सम्बन्ध कहिल्ले नभएको दाबी गरेका छन् । युवतीले लगाएका सबै आरोप बनावटी र गलत रहेको र आफूलाई बदनाम गर्ने तथा फसाउने नियत रहेको भन्दै सोनुले ती युवतीसँग विवाह नगरेको दाबी पनि गरे ।

प्रहरीमा जबरजस्तीकरणी मुद्दामा झुठो जाहेरी दिएको र आफू पक्राउ परेको स्वीकारे पनि आफूले जरबजस्तीकरणी नगरेको र उनीसँग विहे गर्ने भनेर प्रहरी कार्यालयमा कुनै कागज पनि नगरेको दाबी गरेका छन् ।

यस सम्बन्धमा सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले दुबै पक्षलाई राखी सहमतिबाटै निकासको प्रयास गरिएको बताउँदै छलफलमा भएको मौखिक सहमतिको पालना नभएपछि जबरजस्तीकरणी मुद्दा अन्तरगत कारवाही प्रक्रिया अघि बढाइएको र मुद्दा अदालतमा पुगेको जानकारी दिएका छन् ।

## सूचना ! ॐ सूचना !!!

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक, प्राचिन तथा धार्मिक महत्वको रूपमा रहेको हरिनन्देश्वर महादेव मन्दिरको सनातन धार्मिक सदावर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्बर्द्धन तथा मन्दिरको व्यवस्थापन लगायतको कार्यवारे पुनः वृहत छलफलको लागि सम्पूर्ण हिन्दू धर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिका लागि विनम्र सादर अनुरोध गर्दछु ।

**स्थान :** राजविराज न.पा. वडा नं. ७ को कार्यालय
**समय :** विहान ८:३० बजे
**मिति :** २०७८/०६/०९ गते शनिबार



चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*